# फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थोक्लिम्बा, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

पत्र संख्या : २०७८/०७९
च. नं.: ३६३

मिति : २०७८/०६/०५
१ नं. प्रदेश, नेपाल

**विषय : शोक बिदा सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस फालेलुङ गाउँपालिकाको ७ नं. वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी **श्री मन्टु केरुङ**को मिति : २०७८/०६/०५ गते अकल्पनीय रुपमा असामयिक निधन भएको दु:खद् घडीमा सिङ्गो फालेलुङ गाउँ कार्यपालिका परिवार अत्यन्त मर्माहत भएको छ । एक इमान्दार र कर्मठ कर्मचारीको देहावसानले कार्यालयलाई अपूरणीय क्षति भएको छ । शोकको यस घडीमा गाउँ कार्यपालिका परिवार मृतकप्रति हार्दिक श्रद्धाञ्जली तथा परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

यस सम्बन्धमा मिति : २०७८/०६/०५ गते बसेको फालेलुङ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरु सहितको आकस्मिक बैठकले गरेका देहायका निर्णयहरु परिपालना गर्न गराउन हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**देहाय** :

(क) मिति : २०७८/०६/०५ गते फालेलुङ गाउँ कार्यपालिकाको कार्यालय परिसरमा शोकसभा गर्ने तथा शोक पुस्तिका राख्ने ।

(ख) मिति : २०७८/०६/०६ गते फालेलुङ गाउँ कार्यपालिकाको कार्यालय तथा गाउँपालिकाका ८ वटै वडा कार्यालयहरुमा एक दिन शोक बिदा गर्ने ।

(ग) मिति : २०७८/०६/०९ गतेसम्म फालेलुङ गाउँपालिकाका ८ वटै वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा स्व. मन्टु केरुङको तस्वीर तथा शोक पुस्तिका राख्ने ।

२०७८/६/५
सञ्जय कुमार केरुङ
अध्यक्ष

*फालेलुङ समृद्धिको आधार : कृषि, पर्यटन, जलश्रोत र भौतिक पूर्वाधार*
*फोन नं. : ०२१-६९६४९०*
*email-phalelunggaunpalika@gmail.com*